# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४/६५ को पहिलो नौ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## कुल गार्हस्थ्य उत्पादन

१. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले हालै सार्वजनिक गरेको कृषि उत्पादनसम्बन्धी तथ्याङ्कअनुसार प्रमुख खाद्यान्न बाली धानको उत्पादन आर्थिक वर्ष २०६४।६५ मा १६.८ प्रतिशतले वृद्धि भएको अनुमान छ । विगत तीन वर्षदेखि धानको उत्पादन लगातार घट्दै आएको थियो । यसैगरी, गहुँ, मकै तथा कोदोजस्ता प्रमुख खाद्य बालीहरुको उत्पादन वृद्धिदर क्रमशः ३.८ प्रतिशत, ३.२ प्रतिशत र २.२ प्रतिशत रहेको अनुमान छ । चालू आर्थिक वर्ष तरकारी बालीको उत्पादन वृद्धिदर अघिल्लो वर्षको ६.७ प्रतिशतको तुलनामा ९.६ प्रतिशत रहने र फलफूल तथा मसला बाली अघिल्लो वर्षको ५.४ प्रतिशतको तुलनामा ८.४ प्रतिशतले बढ्ने देखिएको छ । कुल कृषि उत्पादनमा करीब २१ प्रतिशत योगदान रहेको धानको उत्पादन उल्लेख्य रुपमा बढ्नु र करीब १० प्रतिशत योगदान रहेको तरकारी बाली समूह र ७.०४ प्रतिशत योगदान रहेको फलफूल तथा मसला बाली समूहको उत्पादन समेत सन्तोषजनक रहेका कारणहरुबाट आर्थिक वर्ष २०६४।६५ मा कृषि क्षेत्रको उत्पादन वृद्धिदर करीब ६.० प्रतिशतसम्म पुग्ने अनुमान छ । आर्थिक वर्ष २०६३।६४ मा कृषि क्षेत्रको उत्पादन वृद्धिदर ०.७ प्रतिशत रहेको थियो ।

२. केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०६४।६५ को पहिलो छ महिनामा औद्योगिक उत्पादन सूचकाङ्क ०.२ प्रतिशतले घट्ने देखाएको छ । अघिल्लो वर्षको यसै अवधिमा औद्योगिक उत्पादन सूचकाङ्क २.१ प्रतिशतले बढेको थियो । बनस्पति घ्यू, तयारी पोशाक, ऊनी गलैंचा, प्लाष्टिकका सामान आदिको उत्पादन वृद्धि ऋणात्मक रहेको कारण चालू आर्थिक वर्षको पहिलो छ महिनामा समग्र औद्योगिक उत्पादन सूचकाङ्क घट्ने देखिएको हो ।

३. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनाको अवधिमा हवाई मार्गबाट नेपाल भ्रमण गर्ने पर्यटकको संख्या १६.७ प्रतिशतले वृद्धि भई २,९२,६४८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १०.० प्रतिशतले मात्र वृद्धि भएको थियो । समीक्षा अवधिमा हवाई मार्गबाट नेपाल भ्रमण गर्ने कुल पर्यटकहरुमध्ये तेश्रो मुलुकतर्फको पर्यटक आगमन संख्यामा २६.८ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ भने भारतीय पर्यटकहरुको आगमन भने १०.५ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तेश्रो मुलुकतर्फको पर्यटक आगमन १५.८ प्रतिशतले बढेको थियो भने भारतीय पर्यटक आगमन ३.१ प्रतिशतले घटेको थियो ।

४. देशमा शान्ति सुरक्षाको स्थितिमा आएको क्रमिक सुधारको फलस्वरुप थप विदेशी हवाई सेवा कम्पनीहरुले नेपालमा हवाई सेवा शुरु गरेका र पहिलेदेखि नै सञ्चालनमा रहेका कतिपय विमान कम्पनीहरुले आफ्नो उडान आवृत्ति समेत वृद्धि गरेका छन् । यसबाट आगामी दिनहरुमा नेपाल आउने पर्यटकहरुको संख्यामा थप विस्तार हुने देखिन्छ ।

५. कृषि, उद्योग, पर्यटन र अन्य सेवा क्षेत्रको विद्यमान स्थितिलाई दृष्टिगत गर्दा आर्थिक वर्ष २०६४।६५ मा समग्र आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहने देखिन्छ । आर्थिक वर्ष २०६३।६४ मा समग्र आर्थिक वृद्धिदर २.५ प्रतिशत रहेको थियो ।

## मौद्रिक स्थिति

### मुद्रा प्रदाय

६. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनासम्ममा विस्तृत मुद्रा प्रदाय १६.५ प्रतिशतले बढेको छ भने संकुचित मुद्रा प्रदाय १०.८ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्रा प्रदायहरूमध्ये विस्तृत मुद्रा प्रदाय ९.६ प्रतिशत र संकुचित मुद्रा प्रदाय ६.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह वृद्धिदर उच्च रहेकोले खुद वैदेशिक सम्पत्ति बढेको र निजी क्षेत्रतर्फको बैंक कर्जामा पनि उल्लेख्य विस्तार भएकोले मुद्रा प्रदाय बढेको हो ।

७. विस्तृत मुद्रा प्रदायको अंशमध्ये आवधिक निक्षेप समीक्षा अवधिमा १९.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त निक्षेप ११.२ प्रतिशतले बढेको थियो । यो वर्ष आवधिक निक्षेप उल्लेख्य बढ्नुको प्रमुख कारण विप्रेषण आप्रवाहको उच्च वृद्धि रहेको छ । यसका साथै नेपाल विकास तथा रोजगार प्रवर्द्धन बैंकको साधारण शेयरको निष्काशनमा सर्वसाधारणबाट माग भन्दा बढी रकम जम्मा हुन गई निष्काशन प्रबन्धकको रुपमा कार्य गरेको एस विकास बैंकले वाणिज्य बैंकमा उक्त रकम छोटो अवधिको लागि जम्मा गरेकोले पनि आवधिक निक्षेपको वृद्धि उल्लेख्य रहेको हो ।

८. समीक्षा अवधिमा चलनचल्तिमा रहेको मुद्राको विस्तार उल्लेख्य १४.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष उक्त मुद्रा ६.९ प्रतिशतले बढेको थियो । द्वन्द्व पीडितहरूको लागि गरिएको राहत वितरण एवं पुनर्स्थापन खर्च, शहीद परिवारको लागि दिइएको राहत, शिविर व्यवस्थापन र संविधान सभा निर्वाचनको लागि भएको खर्चले गर्दा समीक्षा अवधिमा चलनचल्तीमा रहेको मुद्राको वृद्धि उल्लेख्य रहेको हो ।

### मुद्रा प्रदायका कारक तत्वहरू

९. मुद्राप्रदायको प्रमुख कारक तत्वको रुपमा रहेको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) गत वर्ष रू १० अर्ब ८९ करोड अर्थात् ७.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रू १३ अर्ब ६८ करोड (१०.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा विप्रेषण आप्रवाह उल्लेख्य बढेकोले खुद वैदेशिक सम्पत्तिमा विस्तार आएको हो ।

### वाणिज्य बैंहरूसँगको तरलता

१०. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनामा वाणिज्य बैंकहरूको तरल कोष ११.८ प्रतिशतले बढी कुल रू ७२ अर्ब ९० करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कोष ३.६ प्रतिशतले बढी रु ६५ अर्ब २० करोड रहेको थियो । तरल सम्पत्तिमध्ये समीक्षा अवधिमा वाणिज्य बैंकहरूको विदेशी बैंकमा रहेको मौज्दात ४.० प्रतिशतले बढी रू ३५ अर्ब २८ करोड रहेको छ । त्यस्तै वाणिज्य बैंकहरूको आफैसँग रहेको नगद मौज्दात रू ९ अर्ब ३८ करोड रहेको छ भने नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात २.२ प्रतिशतले बढी रू २३ अर्ब ३७ करोड पुगेको छ ।

११. नेपाल सरकारको ऋणपत्रमा रहेको लगानी रू ६४ अर्ब ७९ करोड समेतलाई समावेश गर्दा २०६४ चैत महिनामा वाणिज्य बैंकहरुसँग कुल तरल सम्पत्ति रू १३७ अर्ब ७० करोड पुगेको छ । २०६४ चैत मसान्तमा सर्वसाधारणको कुल निक्षेप रु ३९० अर्वलाई आधार मान्दा वाणिज्य बैंकहरुसँग कुल तरल सम्पत्ति- निक्षेप अनुपात ३५.३ प्रतिशत रहेको छ ।

**तरलता व्यवस्थापन**

१२. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ३ करोड खुद खरीद गरी रू ६५ अर्ब ९८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर ६६ करोड ४२ लाख खुद खरीद भई रू ४७ अर्ब ९६ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो ।

१३. भा.रू.को सञ्चिति व्यवस्थापन गर्ने क्रममा भने भा.रू. खरिदको मात्रा उल्लेख्य रुपमा बढ्दै गएको छ । आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनासम्ममा अमेरिकी डलर १ अर्ब ५ करोड बिक्री गरी रू ६६ अर्ब ९१ करोड बराबरको भा.रू. ४१ अर्व ८२ करोड खरिद भएको छ  अघिल्लो वर्षको यसै अवधिमा ५७ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू ४० अर्ब ९७ करोड बराबरको भा.रू. २५ अर्व ६१ करोड खरिद भएको थियो । भारतसँगको चालू खाता घाटामा विस्तार आएको र नेपाल आयल निगमको भारतीय आयल निगमलाई तिनुपर्ने बक्यौता भुक्तानी बढेको समेतले गर्दा भा.रू. खरिद समक्षिा अवधिमा उच्च रहेको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट खरिद गरिएको अमेरिकी डलरभन्दा भा.रू. खरिद गर्न प्रयोग गरिएको अमेरिकी डलरको रकम बढी रहेको छ ।

१४. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरलता व्यवस्थापन गर्ने क्रममा रिभर्स रिपो बोलकबोल उपकरणमार्फत् रू ६ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत् रू ४ अर्ब ४७ करोड गरी कुल रू ११ अर्ब ४ करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू ८ अर्ब ९० करोड र रिभर्स रिपो बोलकबोलबाट रू १४ अर्ब ६ करोड गरी कुल रू २२ अर्ब ९६ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो ।

१५. वाणिज्य बैंकहरूले अल्पकालीन तरलता व्यवस्थापनको लागि अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोगलाई बढाएका छन् । समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको कुल अन्तर बैंक कारोवार रू २०३ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कारोवार रू ११८ अर्ब ५१ करोड रहेको थियो । अघिल्लो वर्षको पहिलो नौ महिनासम्म वाणिज्य बैंकहरुले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू १७ अर्ब १२ करोड बराबरको कर्जा नेपाल राष्ट्र बैंकबाट उपयोग गरेकोमा समीक्षा अवधिमा उक्त सुविधाको उपयोग कुल रू ७६ अर्ब ३५ करोड रहेको छ ।

**कुल आन्तरिक कर्जा**

१६. अघिल्लो वर्ष आन्तरिक कर्जा ४.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १४.६ प्रतिशतले बढेको छ । मुख्यतया निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेकोले समीक्षा अवधिमा आन्तरिक कर्जा बढेको हो ।

१७. नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष १६.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.१ प्रतिशतले मात्र घटेको छ । साधन परिचालन भन्दा सरकारको खर्च बढेकोले नेपाल सरकार माथिको दावी अघिल्लो वर्ष भन्दा कम दरले घटेको हो ।

१८. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी अघिल्लो वर्षको तुलनामा घटेको छ । अघिल्लो वर्ष सो दावी १३.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.१ प्रतिशतले घटेको छ । सरकारी संस्थानहरूमध्ये नेपाल आयल निगम, नेपाल खाद्य संस्थान, नेपाल वायु सेवा निगम र नेशनल ट्रेडिङ्ग लिमिटेडले बैंकिङ्ग क्षेत्रबाट लिएको कर्जाको केही अंश चुक्ता गरेकोले गर्दा उक्त दावी घटेको हो ।

**वाणिज्य बैंकहरूबाट निक्षेप परिचालन तथा कर्जा प्रवाह**

१९. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनामा सर्वसाधारणको वाणिज्य बैंकहरूसँग रहेको कुल निक्षेप १६.७ प्रतिशत (रू ५५ अर्ब ९६ करोड) ले विस्तार भई २०६४ चैत मसान्तसम्ममा रू ३९० अर्ब ४२ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सर्वसाधारणको वाणिज्य बैंकहरुसँगको निक्षेप १०.३ प्रतिशतले विस्तार भएको थियो । नेपाल विकास तथा रोजगार प्रवर्द्धन बैंकको साधारण शेयर निष्काशनमा उल्लेख्य रकम संकलन भई शेयर निष्काशन प्रवन्धकले वाणिज्य बैंकमा अल्पकालीन मुद्धती निक्षेपमा जम्मा गरेको समेतले गर्दा समीक्षा अवधिमा मुद्धती निक्षेप उल्लेखनीय रुपमा बढेको हो ।

२०. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ वाणिज्य बैंकहरूले थप रू ५२ अर्ब ७८ करोड प्रवाह गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू ३७ अर्ब १४ करोड कर्जा प्रवाह भएको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको प्रवाहित कर्जा १९.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा १४.६ प्रतिशतले बढेको थियो ।

२१. निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये आवासीय तथा गैर-आवासीय निर्माणतर्फ रू ८ अर्ब ६९ करोड, थोक तथा खुद्रा व्यापारमा रू ६ अर्ब ७६ करोड र घरजग्गा खरिदमा ५ अर्ब ४४ करोड कर्जा प्रवाह भएको छ । त्यसैगरी खाद्य प्रशोधनतर्फ रु. २ अर्ब २१ करोड र फलाम तथा स्टिलजन्य उत्पादनतर्फ रु. ३ अर्ब ३० करोड कर्जा प्रवाह भएको छ । मार्जिन लेण्डिङ्ग र ट्रष्ट रिसिप्ट लगायतका क्षेत्रतर्फ रू ११ अर्ब ५८ करोड कर्जा प्रवाह भएको छ ।

**व्याजदर**

२२. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा अल्पकालीन व्याजदरहरू बढेका छन् । समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ४.०७ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त विल्सको व्याजदर १.८५ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर १.६९ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.६९ प्रतिशत रहेको छ ।

२३. समीक्षा अवधिमा निक्षेप तथा कर्जा तर्फका व्याजदरहरूमा पनि परिवर्तन आएको छ । २०६४ को असार मसान्तमा बचत निक्षेपको अधिकतम व्याजदर ५ प्रतिशत रहेकोमा २०६४ को चैत मसान्तमा ६.५ प्रतिशत पुगेको छ । तर, कतिपय वाणिज्य बैंकहरूले न्यूनतम २ प्रतिशतको व्याजदरमा नै बचत निक्षेप परिचालन गरिरहेका छन् । आवधिक निक्षेप तर्फको व्याजदर पनि बढेको छ । २०६४ को असार मसान्तमा दुई वर्ष भन्दा माथिको आवधिक निक्षेपको अधिकतम व्याजदर ५.५ प्रतिशत रहेकोमा २०६४ को चैत मसान्तमा ६.७५ प्रतिशत पुगेको छ । सो निक्षेपको न्यूनतम व्याजदर भने २.५ प्रतिशतबाट बढेर २.७५ प्रतिशत कायम भएको छ ।

२४. समीक्षा अवधिमा कर्जातर्फको व्याजदरहरूमा पनि परिवर्तन भएको छ । औद्योगिक कर्जाको न्यूनतम व्याजदर २०६४ को असार मसान्तमा रहेको ८.० प्रतिशतबाट घटेर ७.० प्रतिशत कायम भएको छ भने अधिकतम व्याजदर ०.५ प्रतिशत बिन्दुले घटी १३ प्रतिशत कायम भएको छ । त्यसैगरी, कृषि कर्जातर्फको अधिकतम व्याजदर पनि विद्यमान १३.० प्रतिशतबाट घटी १२.० प्रतिशत कायम भएको छ । समीक्षा अवधिमा व्यापारिक कर्जा र अधिविकर्षको अधिकतम व्याजदर पनि क्रमशः ०.५ बिन्दु र १.० प्रतिशत बिन्दुले घटी १३.५ प्रतिशत कायम हुन आएको छ ।

### धितोपत्र बजार

२५. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ५०.९ प्रतिशतले वृद्धि भई २०६४ चैत मसान्तमा ७४६.६९ विन्दुमा पुगको छ। यो सूचकाङ्क २०६३ चैत मसान्तमा ४९४.५९ थियो।

२६. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ८०.७ प्रतिशतले वृद्धि भई २०६४ चैत मसान्तमा रु. २४१ अर्ब १३ करोड पुगेको छ। यसले गर्दा २०६४ चैत मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३०.४ प्रतिशत पुगेको छ। २०६३ चैत मसान्तमा यस्तो अनुपात १८.५ प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्।

२७. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि २.६ प्रतिशत रही २०६४ चैत मसान्तमा रु.२४ अर्ब ५९ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो।

२८. २०६४ चैत मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४६ पुगेको छ। २०६३ चैत मसान्तमा यो संख्या १३१ रहेको थियो। हाल सूचीकृत कम्पनीहरुमध्ये १११ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन्।

२९. २०६४ चैत मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.४५ प्रतिशत पुगेको छ। यस्तो अनुपात २०६३ चैत मसान्तमा ०.३८ प्रतिशत रहेको थियो।

३०. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको रोलिंग स्ट्याण्र्डड डेभिएशन २०६३ चैत मसान्तमा ६४.३ रहेकोमा २०६४ चैत मसान्तमा १५१.७ पुगेको छ।

३१. प्राथमिक निष्काशन तर्फ, चालू आर्थिक वर्षको पहिलो नौ महिनामा नेपाल धितोपत्र वोर्डले ८ वटा कम्पनीहरुलाई रु ४० करोड २४ लाख बरावरको साधारण शेयर, अन्य २१ वटा कम्पनीहरुलाई रु ३ अर्व ५३ करोड ८९ लाख वरावरको हकप्रद शेयर र नेपाल विद्युत प्राधिकरणलाई रु १ अर्ब ५० करोड बरावरको डिवेञ्चरसमेत गरी रु ५ अर्ब ४४ करोड १३ लाखको प्राथमिक निष्काशन अनुमति प्रदान गरेको छ।

३२. नेपाल सरकारले चालू आर्थिक वर्षको पहिलो नौ महिनासम्ममा रु ८ अर्ब १२ करोड ५० लाखको ट्रेजरी विल, रु ३ अर्ब ९० करोडको विकास ऋणपत्र र रु १ अर्ब ३० करोडको नागरिक बचतपत्रको प्राथमिक निष्काशन गरेको छ।

## मुद्रास्फीति तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

३३. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ५.६ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य उल्लेख्य १२.६ प्रतिशतले वृद्धि भएकोले समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको हो। अघिल्लो वर्ष खाद्य तथा पेय पदार्थको समूहको मूल्य वृद्धि ७.९ प्रतिशत रहेको थियो।

३४. खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये खानेतेल तथा घ्यू, अनाज तथा अनाजजन्य पदार्थ र दलहन उप-समूहहरुको मूल्य वृद्धि दुई अंकको रहेको छ । उदाहरणको लागि समीक्षा अवधिमा खानेतेल तथा घ्यू उप-समूहको वार्षिक विन्दूगत मूल्य वृद्धि सबैभन्दा बढी ३३.८ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उप-समूहको मूल्य वृद्धि १२ प्रतिशत रहेको थियो । २०६४ चैतमा अनाज तथा अनाजजन्य उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १९.७ प्रतिशत रहेको छ । २०६३ चैतमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ८.७ प्रतिशत रहेको थियो । यस उप-समूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि २५ प्रतिशत रहेको छ । २०६३ चैतमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि ४.९ प्रतिशत रहेको थियो । २०६४ चैतमा दलहन उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १४.९ प्रतिशत रहेको छ । २०६३ चैतमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १७.२ प्रतिशत रहेको थियो ।

३५. २०६४ चैतमा गैर-खाद्य वस्तु तथा सेवा समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ४.९ प्रतिशत रहेको छ । २०६३ चैतमा यस समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ३.२ प्रतिशत रहेको थियो ।

३६. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौ उपत्यकामा मूल्य वृद्धि ८.६ प्रतिशत, तराईमा ९.२ प्रतिशत र पहाडमा ८.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ५.४ प्रतिशत, ६.४ प्रतिशत र ३.५ प्रतिशत रहेको थियो ।

३७. २०६४ चैतमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ७.० प्रतिशत रहेको छ । २०६३ चैतमा उक्त मुद्रास्फीति ६.६ प्रतिशत रहेको थियो ।

**थोक मुद्रास्फीति**

३८. वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर २०६३ चैतमा ७.६ प्रतिशत रहेकोमा २०६४ चैतमा ९.३ प्रतिशत रहेको छ । राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा पर्ने दुई अंकले मूल्य वृद्धि भएका वस्तुहरुमध्ये २०६४ चैतमा खाद्य उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २०.२ प्रतिशत रहेको छ । २०६३ चैतमा खाद्य उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ७.६ प्रतिशत रहेको थियो । त्यसैगरी, २०६४ चैतमा रासायनिक मल तथा रसायन वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि १७.६ प्रतिशत रहेको छ । २०६३ चैतमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ५.१ प्रतिशत मात्र रहेको थियो ।

**३९.** समीक्षा अवधिमा दुई अंक मूल्य वृद्धि भएका अन्य उप-समूहहरुमध्ये दलहनको वार्षिक मूल्य वृद्धि १२.९ प्रतिशत रहेको छ । २०६३ चैतमा दलहनको वार्षिक विन्दुगत मूल्य वृद्धि २२.६ प्रतिशत थियो । २०६४ चैत महिनामा स्वदेशमा उत्पादित तयारी वस्तु समूहअन्तर्गत रहेका वस्तुहरुमध्ये खाद्यजन्य पदार्थ र निर्माण सामग्रीको सूचकाङ्क अघिल्लो वर्ष क्रमशः १०.० प्रतिशत र १८.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः १३.६ प्रतिशत र १०.५ प्रतिशतले वृद्धि भएको छ ।

**राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क**

४०. २०६४ चैत महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ९.२ प्रतिशतले वृद्धि भएको छ । २०६३ चैतमा उक्त सूचकाङ्क ९.४ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा सरदर १७.० प्रतिशतको खुद वृद्धि भएकोले यस अवधिमा तलव सूचकाङ्कमा बढी चाप परेको भए तापनि अधिक भार ओगटेको ज्यालादर सूचकाङ्कमा बढी चाप नपरेको कारण समीक्षा अवधिमा समग्र राष्ट्रिय तलव तथा

ज्यालादर सूचकाङ्क अघिल्लो वर्षकै हाराहारीमा वृद्धि भएको हो । अघिल्लो वर्ष ६.२ प्रतिशत र १०.५ ले बढेको तलव तथा ज्यालादर सूचकाङ्कहरु समीक्षा अवधिमा क्रमशः १०.९ प्रतिशत र ८.७ प्रतिशतले वृद्धि भएको छ । २०६४ चैतमा ज्यालादर अन्तर्गत कृषि मजदूर, औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर सूचकाङ्क क्रमशः ६.० प्रतिशत, १२.० प्रतिशत र ११.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यस्तो सूचकाङ्क क्रमशः ११.० प्रतिशत, ११.३ प्रतिशत र ५.७ प्रतिशतले बृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/बचत

४१. आर्थिक वर्ष २०६४/६५ को पहिलो नौ महिनाको अवधिमा सरकारी बजेट रु.५ अर्व २९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट रु. ४ अर्व २ करोडले बचतमा रहेको थियो । सरकारी खर्चको वृद्धिदर उच्च रहेकाले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो ।

४२. कुल बजेट घाटा पूर्ति गर्ने क्रममा नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष बाहेक) कुल रु.१३ अर्व ३३ करोड परिचालन गरेको छ भने नेपाल राष्ट्र बैंकमा सरकारको रु.१० अर्व ३० करोड बराबरको नगद मौज्दात रहेको छ । अघिल्लो वर्षको यस्तो मौज्दात रकम रु.३ अर्व १२ करोड समेत समावेश गर्दा सो सञ्चिति रु.१३ अर्व ४२ करोड हुन आउँछ ।

४३. समीक्षा अवधिमा रु ५ अर्ब ४० करोड आन्तरिक ऋणको भुक्तानी समेत भएकोले अधिविकर्षसहित नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रु २ अर्व ३८ करोड रहेको छ ।

४४. कुल बजेट घाटामध्ये रु.२ अर्व ७७ करोड वैदेशिक ऋणबाट पूर्ति भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल सरकारले रु २ अर्ब ३८ करोड वैदेशिक ऋण प्राप्त गरेको थियो ।

### सरकारी खर्च

४५. आर्थिक वर्ष २०६४/६५ को पहिलो नौ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३१.५ प्रतिशतले वृद्धि भई रु.९० अर्व ३२ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १३.३ प्रतिशतले बढेको थियो । सरकारी खर्चका तीनै शीर्षकहरु चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानीको वृद्धिदर उल्लेखनीय रुपले बढेकाले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

४६. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २१.४ प्रतिशतले वृद्धि भई रु.५७ अर्व ९७ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च १२.७ प्रतिशतले वृद्धि भएको थियो । सरकारी कर्मचारीको तलव वृद्धि, द्वन्द्व व्यवस्थापनसम्बन्धी खर्च, विभिन्न शीर्षकमा गैरबजेटरी खर्चको निकासा र संविधान सभाको निर्वाचन खर्च लगायत अन्य सरकारी प्रशासनिक खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा चालू खर्च गत वर्ष भन्दा बढेको हो ।

४७. अघिल्लो वर्षको पहिलो नौ महिनासम्ममा नेपाल सरकारको पूँजीगत खर्च २५.० प्रतिशतले वृद्धि भएकोमा चालू वर्षको समीक्षा अवधिमा सो खर्च ६९.० प्रतिशतले वृद्धि भई रु.१९ अर्व ७२ करोड पुगेको छ । यस अवधिमा नेपाल सरकारले नेपाल आयल निगमलाई रु.३ अर्व ५० करोड ऋण सहयोग दिएको, कृषि विकास बैकमा रु. १ अर्व ७५ करोड र नेपाल विद्युत प्राधिकरणमा रु.१ अर्व ५

करोड शेयर लगानी गरी सार्वजनिक संस्थानहरुमा रु.६ अर्व ७४ करोड लगानी भएको र गरीबी निवारण कोषलाई रु. १ अर्व २० करोड भुक्तानी दिएकाले पूँजीगत खर्चको वृद्धिदर उच्च रहेको हो ।

***बक्स १: २०६५ जेठ १७ सम्मको बजेट स्थिति***

- *२०६५ जेठ १७ सम्ममा सरकारी राजस्व २७.७ प्रतिशतले वृद्धि भई रु.८५ अर्व ७७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी राजस्व २१.० प्रतिशतले वृद्धि भएको थियो ।*
- *२०६५ जेठ १७ सम्ममा सरकारी खर्च १७.६ प्रतिशतले वृद्धि भई रु.१०७ अर्व १९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १८.४ प्रतिशतले वृद्धि भएको थियो । २०६५ जेठ १७ सम्ममा बजेट घाटा रु.५ अर्व रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बजेट घाटा रु. ४ अर्व ६४ करोड थियो । २०६५ जेठ १७ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु.१० अर्व ८२ करोड नगद मौज्दात रहेको छ । अघिल्लो आर्थिक वर्षको रु. ३ अर्व १२ करोड नगद मौज्दात समेत समावेश गर्दा २०६५ जेठ १७ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग कुल रु.१३ अर्व ९४ करोड नगद मौज्दात रहेको छ ।*
- *२०६५ जेठ १७ सम्म रु. २५ अर्व ३४ करोड पूँजीगत खर्च भएको छ । आर्थिक वर्ष २०६४।६५ को बजेटमा रु. ५५ अर्व २६ करोड पूँजीगत खर्च हुने उल्लेख छ । एकातिर पूँजीगत खर्च अपेक्षाकृत वृद्धि हुन सकेको छैन भने अर्कातिर सरकारको नेपाल राष्ट्र बैंकसँग रु.१३ अर्व ९४ करोड नगद मौज्दात रहेको छ ।*

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

४८. आर्थिक वर्ष २०६४/६५ को पहिलो नौ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २५.१ प्रतिशतले वृद्धि भई रु.७० अर्व ८५ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व २२.२ प्रतिशतले बढेको थियो । आयातको उल्लेख्य विस्तारका कारण राजस्व परिचालन वृद्धि समीक्षा अवधिमा उच्च रहेको हो ।

४९. कुल राजस्व परिचालनमध्ये मूल्य अभिवृद्धि कर राजस्व २३.२ प्रतिशतले वृद्धि भई २०६४ चैत मसान्तसम्म रु.२२ अर्व २२ करोड पुगेको छ । विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि करको क्षेत्रमा भएका प्रशासनिक सुधारहरु, जस्तैः ठूला करदाता इकाईको स्थापना, विलिङ्ग प्रणालीको सुदृढीकरण, ननफाइलरको व्यवस्थापन आदिको कारण मूल्य अभिवृद्धि कर राजस्व बढेको हो ।

५०. समीक्षा अवधिमा भन्सार राजस्व २३.६ प्रतिशतले बढी रु. १४ अर्व ६८ करोड पुगेको छ । अघिल्लो वर्ष भन्सार राजस्व २२.० प्रतिशतले बढेको थियो । भन्सार प्रशासनमा भएको सुधार, उच्च भन्सार महसूल लाग्ने सवारी साधनको आयातमा भएको उल्लेख्य वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकम पनि बढेकाले भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

५१. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २३.० प्रतिशतले वृद्धिभई रु ७ अर्व २९ करोड पुगेको छ । अघिल्लो वर्ष अन्तःशुल्क राजस्व ३१.५ प्रतिशतले बढेको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरुको पहिचान र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

५२. समीक्षा अवधिमा सरकारको  आयकर राजस्व ३३.८ प्रतिशतले वृद्धि भई रु.१२ अर्व ८४ करोड पुगेको छ । अघिल्लो वर्ष आयकर राजस्व ३४.३ प्रतिशतले बढेको थियो । केही सरकारी संस्थानहरु र निजी संस्थानहरुको आयमा वृद्धि हुनुको साथै लगानी आयमा वृद्धि भएकोले समीक्षा अवधिमा आयकर राजस्व उक्तदरमा वृद्धि भएको हो ।

५३. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनाको अवधिमा गैर कर राजस्व २०.० प्रतिशतले वृद्धि भई रु.१० अर्व ४२ करोड परिचालन भएको छ । अघिल्लो वर्ष गैरकर राजस्वको वृद्धिदर २८.२ प्रतिशत रहेको थियो । नेपाल राष्ट्र बैंकलगायत अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई लाभांश प्राप्त भएका कारण गैर-कर राजस्वमा वृद्धि भएको हो ।

५४. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदान वापत रु. ११ अर्व ६१ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रु.११ अर्व ४३ करोड प्राप्त भएको थियो ।

५५. २०६४ चैत मसान्तमा नेपाल सरकारको कुल आन्तरिक ऋण (अधिविकर्ष बाहेक) रु ९३ अर्व ८० करोड पुगेको छ । आर्थिक वर्षको शुरुमा नेपाल सरकारको यस्तो ऋण रु. ९६ अर्व १८ करोड रहेको थियो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

५६. वाह्य क्षेत्रतर्फ, घट्दो वस्तु निर्यात सर्वाधिक चिन्ताको विषय रहेको छ । आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनासम्ममा कुल निर्यात २.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल निर्यात २.९ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा ८.३ प्रतिशतले घटेको छ भने अन्य मुलुकहरुतर्फको निर्यात १०.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको पहिलो नौ महिनासम्ममा भारततर्फको निर्यात २.३ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ४.२ प्रतिशतले घटेको थियो ।

५७. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनासम्ममा कुल आयात उल्लेख्य १९.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात ७.४ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा २२.६ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात १४.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारत एवं अन्य मुलुकबाट भएको आयात क्रमशः ९.५ प्रतिशत र ४.० प्रतिशतले बढेको थियो ।

५८. आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनामा समग्र शोधनान्तर स्थिति रू. १३ अर्व ६८ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. १० अर्व ८९ करोडले बचतमा रहेको थियो। व्यापार घाटामा विस्तार आएतापनि नेपाली कामदारको उच्च विप्रेषण आप्रवाह र पूँजीगत ट्रान्सफर आप्रवाहमा भएको वृद्धिले समीक्षा अवधिमा समग्र शोधनान्तर बचतमा रहेको हो ।

### विदेशी विनिमय सञ्चिति

५९. २०६४ चैत मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा १०.४ प्रतिशतले बढी रू. १८२ अर्ब २७ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ को चैत मसान्तमा

यस्तो सञ्चिति ५.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि चैत मसान्तसम्ममा कुल सञ्चिति १२.१ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १४.० प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर १०.१ महिनाको वस्तु आयात र ८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

६०. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ चैत मसान्तमा प्रति व्यारल अमेरिकी डलर ६८.७१ रहेकोमा २०६४ चैत मसान्तमा ५९.९ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर १०९.८६ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६३ चैत मसान्तको तुलनामा २०६४ चैत मसान्तमा ३६.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६८१.७५ बाट अमेरिकी डलर ९२७.७५ पुगेको छ।

**विनिमय दर प्रवृत्ति**

६१. २०६४ असार मसान्तको तुलनामा २०६४ चैत मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.५७ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ८.३३ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६३ चैत मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६८.४० रहेको थियो भने २०६४ चैत मसान्तमा उक्त विनिमय दर रु. ६३.८५ मा झरेको छ।